आ.व. २०७९।८० को बैठक संख्या - ७

आज मिति २०७९ साल आश्वीन महिनाको ३१ गते सोमवारका दिन उदयपुरगढी गाँउपालिकाका अध्यक्ष श्री मान बहादुर केप्छाकी मगरको अध्यक्षतामा बसेको कार्यपालीकाको बैठकमा तपसिल अनुसारको उपस्थितिमा निम्नानुसारको प्रस्तावहरु छलफल तथा निर्णयहरु गरियो ।

**उपस्थिती :**

| क्र.सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | मान बहादुर केप्छाकी मगर | गाउपालिका अध्यक्ष | |
| २ | जित बहादुर खडका | गाउपालिका उपाध्यक्ष | |
| ३ | दिल बहादुर राना मगर | वडा अध्यक्ष | |
| ४ | ईन्द्र बहादुर राउत | वडा अध्यक्ष | |
| ५ | मनोज कुमार कार्की | वडा अध्यक्ष | |
| ६ | राम बहादुर घले मगर | वडा अध्यक्ष | |
| ७ | कुमार अधिकारी | वडा अध्यक्ष | |
| ८ | कृष्ण वहादुर खत्रि | वडा अध्यक्ष | |
| ९ | भुवन केप्छाकी मगर | वडा अध्यक्ष | |
| १० | थिर वहादुर राउत | वडा अध्यक्ष | |
| ११ | सहेक वहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | सरिता कार्की | कार्यपालिका सदस्य | |
| १३ | डिल्लीमाया विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १४ | मिना कुमारी तामाङ्ग | कार्यपालिका सदस्य | |
| १५ | यसोदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १६ | रमेश राई | प्र.प्र.अ. | |

**सहयोगी :**

१. गुणराज श्रेष्ठ

२. पारस मणि फुयल

३. शेखर वुढाथोकी

**प्रस्तावहरु :**

१. गत बैठकको समिक्षा सम्वन्धमा ।

२. अपाङ्गता परिचयपत्र शिविर प्रतिवेदन सम्बन्धमा ।

३. ढुङ्गा गिटि वालुवाको उत्खनन परिमाण निर्धारण र पुन: ठेक्का सम्वन्धमा ।

४. गरीव घरधुरी पहिचान प्रमाणपत्र वितरण कार्यक्रम सञ्चालन सम्वन्धमा ।

५. प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि आयोजना छनौट सम्वन्धमा ।

६. स्वास्थ्य सेवा तर्फको रिक्त दरवन्दीमा प्रदेश लोकसेवामा माग गर्ने सम्वन्धमा ।

७. प्रदेश सशर्त तर्फको आयोजना खेल मैदानको नाम परिवर्तन सम्वन्धमा ।

८. प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७९ स्विकृत गर्ने सम्वन्धमा ।

९. उर्जा विकास उप समितिको निर्णय अनुमोदन सम्वन्धमा ।

१०. प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना तर्फको अघिल्लो आ.व. को आलु पकेट निरन्तरता सम्वन्धमा ।

११. गाँउपालिकाको प्रस्ताव मुल्यांकन तथा छनौट समितिको वैठकको निर्णय अनुमोदन सम्वन्धमा ।

१२. भैपरि पूजिंगत तर्फको वजेट खर्च गर्ने सम्वन्धमा ।
१३. अस्थायी फोहरमैला विसर्जनका लागि सा.व.उ.स. लाई अनुरोध सम्वन्धमा ।
१४. शोक प्रस्ताव पारीत सम्वन्धमा ।
१५. मदनभण्डारी राजमार्गको दाँया वाँया रहेका जिर्ण वोट विरुवा सम्वन्धमा ।
१६. तिहार, छठ तथा उभौली पर्वको शुभकामना आदान प्रदान सम्वन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा अधिल्लो वैठक संख्या ६ को निर्णय अनुसारका कार्यहरु कार्यान्वयन भईरहेको व्यहोरा जानकारी भयो ।

२. प्रस्ताव नं. २ माथी छलफल गर्दा मिति २०७९।६।२५ र २०७९।६।२६ गते सञ्चालीत यसै गा.पा. को वडा नं. २ र वडा न ६ मा अपाङ्गता परिचयपत्र शिविर सञ्चालन गरिएकोमा तपसिल अनुसाको परिचयपत्र वितरण गरिएको जानकारी गराईयो ।

तपसिल :

क वर्गको १२ जना
ख वर्गको ४५ जना
ग वर्गको १४ जना
घ वर्गको ७ जना
गरि कुल ७८ जनालाई परिचय पत्र वितरण गरिएको ।

३. प्रस्ताव नं. ३ माथी छलफल गर्दा ढुङ्गा गिटि वालुवाको उत्खनन परिमाण निर्धारण र पुन: ठेक्काका लागि सुरु विज्ञापन गरीएको परिमाणमा ५० प्रतिशत कम गरि ठेक्का Hard BID समेत मान्य हुने गरि ७ ( सात) दिनको सुचना पुन: आव्हान गर्ने निर्णय गरियो ।

तपसिलको परिमाण :

| क्र.सं. | खोलाको नाम | कमाण्ड वडा नं | उत्खनन गरिने वस्तु (घ.मी.) | न्युनतम ठेक्का रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | तावा खोला | १,२,३ | ३३९५७ | २,०३,७४२।०० | तेश्रो पटकको विज्ञापन |
| २ | वैजनाथ/पौवा खोला | ५, ६, ८ | १६६४५१.०४ | ९,९८,७०६.२४ | तेश्रो पटकको विज्ञापन |

४. प्रस्ताव नं. ४ माथी छलफल गर्दा गरीव घरधुरी पहिचान प्रमाणपत्र वितरण कार्यक्रम तपसिल वमोजीमको मितिमा सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र. सं. | वडा नं | स्थान | मिति | जिम्मेबार व्यक्ति / निकाय | सहयोगी व्यक्ति /निकाय |
|---|---|---|---|---|---|
| १ | वडा नं १ | तावाश्री वडा कार्यालय | २०७९।७।२० | गुणराज श्रेष्ठ | सम्वन्धीत वडा कार्यालय |
| २ | वडा नं २ | माड्सीड्टार वडा कार्यालय | २०७९।७।२१ | गुणराज श्रेष्ठ | सम्वन्धीत वडा कार्यालय |
| ३ | वडा नं ३ | जरुवा वडा कार्यालय | २०७९।७।२२ | गुणराज श्रेष्ठ | सम्वन्धीत वडा कार्यालय |
| ४ | वडा नं ४ | डुम्रे वडा कार्यालय | २०७९।७।२३ | गुणराज श्रेष्ठ | सम्वन्धीत वडा कार्यालय |
| ५ | वडा नं ५ | उदयपुरगढी वडा कार्यालय | २०७९।७।२० | रमेश राई | सम्वन्धीत वडा कार्यालय |
| ६ | वडा नं ६ | नेपालटार वडा कार्यालय | २०७९।७।२१ | रमेश राई | सम्वन्धीत वडा कार्यालय |
| ७ | वडा नं ७ | हाडेवास वडा कार्यालय | २०७९।७।२२ | चक्रपाणी भट्टराई | सम्वन्धीत वडा कार्यालय |
| ८ | वडा नं ८ | नरेटार वडा कार्यालय | २०७९।७।२३ | चक्रपाणी भट्टराई | सम्वन्धीत वडा कार्यालय |

CamScanner

साथै परिचय पत्र वितरणका लागि सम्वन्धीत व्यक्तिको नागरीकता प्रमाण पत्रको प्रतिलिपि , पासपोर्ट साईको फोटो २ वटा, चालु आ व मा घरधुरी र मालपोत तिरेको रसिदको प्रतिलिपि साथै ल्याउनको लागि अग्रिम पत्राचार गर्ने जानकारी गराईयो ।

५. प्रस्ताव माथी छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि तपसिलका आयोजना छनौट गर्ने निर्णय गरियो ।

तपसिल :

१. बन्चरे हुँदै हजारे, रातामाटे, देउलिकुना सडक मर्मत, वडा नं. १
२. देउलिकुना बाहुनीटारहुँदै धिलेखोलासम्म सडक मर्मत, वडा नं. १
३. माङसीङटार गेर्खे भन्ज्याङ्ग जोड्ने सडक, वडा नं. २
४. उदयपुरगढी, चुलाढुङ्गा, डुम्रे, जल्केनी, पाँडे भञ्याङ्ग, ढुङ्ग्रे सडक मर्मत वडा नं. ४
५. अठासीधाम, छिरेश्वर महादेव स्थानामा सिढी निर्माण, वडा नं. ५
६. उदयपुरगढी केउरिनी कुरकुनटार सडकमा मर्मत, वडा नं. ५
७. पलासे गाउँको सडकमा नाली निर्माण, वडा नं. ५
८. पेम्वा छोइलिङ्ग बौद्ध गुम्बामा बाँकी सिढी निर्माण, वडा नं. ६
९. मार्कुखोला मुहान गरी धप्पर सिंचाइ पक्की कुलो निर्माण, वडा नं. ६
१०. धप्पर लामाटार सडक निर्माण, वडा नं. ६
११. थापाटार दमाईकुटे नयाँ ट्र्याक निर्माण, वडा नं. ७
१२. बसेरी चुरुम्फा बाटो मर्मत, वडा नं. ८

६. प्रस्ताव माथी छलफल गर्दा यस गाउँपालिका भित्र रहेका स्वास्थ्य सेवा तर्फको रिक्त दरवन्दीमा पदपुर्तिका लागि प्रदेश लोकसेवा आयोग विराटनगर माग गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | पद | सेवा/समुह/उपसमुह | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | अ.हे.व. | स्वास्थ्य/हे.ई. | २ | कामकाज सरुवा भई रिक्त रहेको |
| २ | अ.न.मी. | स्वास्थ्य/क.न. | ३ | कामकाज सरुवा भई रिक्त रहेको |

७. प्रस्ताव माथी छलफल गर्दा प्रदेश सशर्त तर्फको आयोजना खेल मैदानको नाम परिवर्तन गर्नको लागि अनुरोध गरि पठाउने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | शिर्षक नं. | प्रदेश रातो कितावमा रहेको योजना | हुनुपर्ने नाम | विनियोजित वजेट रु. (हजारमा |
|---|---|---|---|---|
| १ | ११.४.२१.२६ | कुभिण्डेबेशी खेलमैदान | भकुण्डे चौरी खेलमैदान वडा नं ६ | ५०० |
| २ | ११.४.२.२०५ | देउलिकुना हजारे कुर्कुनटार सडक स्तरोन्नति उदयपुरगढी ५ | देउलिकुना हजारे कुर्कुनटार सडक स्तरोन्नति उदयपुरगढी १ र ५ | १००० |

८. प्रस्ताव माथी छलफल गर्दा उदयपुरगढी गाउँपालिकाको प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७९ स्विकृत गर्ने निर्णय गरियो ।

९. प्रस्ताव माथी छलफल गर्दा उर्जा विकास उप समितिको योजना बाँडफाँड सम्वन्धी मिति २०७९।६।३१ को निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

CamScanner

१० प्रस्ताव माथी छलफल गर्दा मिति २०७९।५।२८ को प्रकाशीत सुचना अनुसार प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना तर्फको अघिल्लो आ.व. को आलु पकेट निरन्तरताको लागि लेकाली जालिगुँरास कृषक समुहले रितपुर्वक म्याद भित्र निवेदन प्रस्ताव पेश गरेकोले सोही समुहलाई पकेट निरन्तरताको लागि सम्झौता गर्ने निर्णय गरियो ।

११ प्रस्ताव माथी छलफल गर्दा गाँउपालिकाको प्रस्ताव मुल्यांकन तथा छनौट समितिको कृषि विकाश शाखा र पशुपन्छी विकास शाखाको मिति २०७९।६।३१ को बैठकले गरेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

१२. प्रस्ताव माथी छलफल गर्दा ढुंग्रे खोला मुहान गरि नागवेले खानेपानी योजना वडा नं. ६ को योजनामा रु. १,२५,०००।०० (अक्षरुपि रु. एक लाख पच्चीस हजार मात्र) भैपरि पूजिंगत तर्फको वजेट खर्च गर्न निर्णय गरियो ।

१३. प्रस्ताव माथी छलफल गर्दा अस्थायी फोहरमैला विसर्जनका लागि सम्वन्धीत रातमाटे सा.व.उ.स.वडा नं ६, दनुवारवेशीलाई अनुरोध गर्ने निर्णय गरियो ।

१४. प्रस्ताव माथी यस गाउँपालिकाको अध्यक्ष श्री मान वहादुर केप्छाकी मगरको ममतामयी माता श्री दुर्गा माया केप्छाकी मगरको मिति २०७९।६।१८ गते स्वर्गवास भएकोमा वहाको वैकुण्ठबास होस भनि शोक सन्तप्त परिवार प्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन भन्दै यस उदयपुरगढी गाउँ कार्यपालिका परिवार शोक प्रस्ताव पारीत गर्ने निर्णय गरियो ।

१५. प्रस्ताव माथी छलफल गर्दा यस गाउँपलिकाको वडा नं. ६, ७ र ८ को क्रमश संगमचोक देखी गैया क्षेत्र भित्रको मदन भण्डारी राजमार्गको दाँया वाँया रहेका जिर्ण रुपमा रहेका ठुला वोट विरुवाले मानवीय क्षती पुर्‍याउन सक्ने भएकोले उक्त स्थानमा रहेका वोट विरुवाहरुलाई कानून अनुसार हटाउनको लागि जिल्ला विपद व्यवस्थापन र डिभिजन वन कार्यालय लाई अनुरोध गर्ने निर्णय गरियो ।

१६. प्रस्ताव माथी छलफल गर्दा २०७९ सालको दिपावली, छठ, उभौली पर्व र नेपाल संवतको शुभकामना जनप्रतिनिधि कर्मचारी विच आदान प्रदान गरियो ।

CamScanner